नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL
KOLKATA

## प्रेस विज्ञप्ति

### निर्यात तथा लगानी प्रबर्द्धन सम्बन्धी एक दिने छलड्फल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाली महावाणिज्यदूतावास कोलकाताको आयोजना तथा भारतको जोगबनी भन्सार र विराटनगर भन्सार कार्यालयको समन्वयमा मिति २०८२/०८/२१ गते जोगबनीमा एक दिने छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको प्रमुख उद्देश्य नेपालको निर्यात तथा लगानी प्रबर्द्धनमा सहजीकरण, कोलकाता - जोगबनी मालवाहक रेल सेवा सुचारु, व्यापार सहजीकरण तथा भारतीय भन्सारका अधिकारीहरुसंग प्रत्यक्ष अन्तरक्रिया गर्ने रहेको थियो। नियोगका महावाणिज्यदूतको अध्यक्षता भएको उक्त कार्यक्रमको प्रमुख अतिथि मोरङका प्रमुख जिल्ला अधिकारी रहनु भएको थियो। कार्यक्रममा सुरक्षा निकायका प्रमुखहरु, भन्सार विभागका पदाधिकारीहरु, विराटनगर भन्सार कार्यालयका पदाधिकारीहरु, भारतीय भन्सारका अधिकारीहरू, मोरङ् व्यापार संगठन, मोरङ उद्योग संगठनका पदाधिकारीहरु, भन्सार एजेन्टहरु, सिपिङ लाइन, क्लियरिङ तथा फवार्डिङका अधिकारीहरु, स्थानीय पत्रकारहरु तथा अन्य सरोकारवाला सहित करिव ६० जनाको उपस्थिति रहेको थियो।

नेपालको निर्यात तथा लगानी प्रवर्द्धनको सवालमा भएका मौजुदा व्यवस्थाहरु, निर्यात तथा लगानी प्रवर्द्धनको हालको अवस्था, यस क्षेत्रमा देखिएका समस्याहरु, सम्भावनाका प्रमुख क्षेत्रहरु, सरकार र निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुको भूमिका तथा पारवहन बिन्दु परिबर्तन लगायतका विषयहरुमा नेपाली महावाणिज्यदूतावास कोलकाता, बिराटनगर भन्सार कार्यालय र निजी क्षेत्र गरि तीनवटा प्रस्तुतीकरण गरिएको थियो। उक्त प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट यस विषयमा थुप्रै जिज्ञासाहरु उठेका थिए। उक्त जिज्ञासाहरुको भारतीय भन्सारका अधिकारीहरु, बिराटनगर भन्सार प्रमुख र महावाणिज्यदूतले सम्बोधन गर्नु भएको थियो।

यस क्रममा सहभागीहरुले सीमा क्षेत्रमा यस किसिमका कार्यक्रम आयोजनाबाट दुबै देशका भन्सारका अधिकारी र कोलकाता बन्दरगाह तथा भन्सार सम्बद्ध समस्याहरु एकै ठाउबाट सुनुवाई र पृष्ठपोषण दिन उपयुक्त फोरम भएकोले आगामी दिनमा पनि यस प्रकारका कार्यक्रमलाई निरन्तरता दिनु पर्ने विषयलाई जोड दिनु भएको थियो।

कार्यक्रमको अन्तमा महावाणिज्यदूत श्री झक्कप्रसाद आचार्यले नियोगका काम कारवाही र कोलकाता बन्दरगाह र भन्सार सम्बन्धी जिज्ञासाहरुको पुनः सम्बोधन गर्दै कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो।

मितिः २०८२/०८/२४

1, National Library Avenue, Alipore, Kolkata-700 027, W.B., INDIA, • Tel : 033-2456-1154 / 1224 / 1103
E-mail ID : cgnkolkata@mofa.gov.np, nepalconsulate@gmail.com • Website : ccu.nepalconsulate.gov.np